मेचीनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, ईटाभट्टा
झापा जिल्ला, प्रदेश नं. १, नेपाल
Mechinagar Municipality
Office of the Municipal Executive, Itabhatta
Jhapa District, Province No. 1, Nepal

प. सं. : २०७५।०७६
च. नं. : 10602

मिति : २०७६/०३/०४

विषय : नदीजन्य निर्माण सामग्री उत्खनन, संकलन र ओसारपसार कार्य रोक्का राख्न सहयोग गर्ने बारे ।

श्री इलाका प्रहरी कार्यालय, काँकडभिट्टा, झापा
श्री सशस्त्र प्रहरी बल, भन्सार गस्ती गुल्म, काँकडभिट्टा, झापा
श्री इलाका प्रहरी कार्यालय, धुलाबारी, झापा

प्रस्तुत विषयमा यस मेचीनगर नगरपालिका भित्रका नदीहरुबाट नदीजन्य सामग्री उत्खनन, संकलन र ओसारपसार गर्ने कार्यमा रोक लगाइएको सम्बन्धी संलग्न सूचनाअनुसारको कार्यमा सहयोग गरिदिनुहुन सूचना प्रति यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

............................
( विमल आचार्य )
प्रमुख

**बोधार्थ**
श्री जिल्ला प्रशासन कार्यालय, झापा
श्री जिल्ला प्रहरी कार्यालय, झापा ।
श्री सशस्त्र प्रहरी बल, १ नं. गण झापा ।
श्री अध्यक्षज्यूहरु, सबै वडा कार्यालयहरु, मेचीनगर नगरपालिका, झापा : सूचना प्रति यस कार्यालयको वेभसाइट www.mechinagarmun.gov.np बाट डाउनलोड गरी सूचनामा भएको व्यवस्था पूर्णरुपमा कार्यान्वयन गर्न स्थानीय प्रहरी तथा यस कार्यालयसँग समन्वय गर्नुहुन अनुरोध छ ।

O/C राजस्व
श्री IT O: - पत्र वेभसाइटमा Upload गर्नु ।

मेचीनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, इटाभट्टा
झापा जिल्ला, प्रदेश नं. १, नेपाल
Mechinagar Municipality
Office of the Municipal Executive, Itabhatta
Jhapa District, Province No. 1, Nepal

प. सं. : २०७५।०७६
च. नं. : 90602

मिति : २०७६/०३/०४

**मेचीनगर नगरपालिका क्षेत्रभित्रका नदीहरुमा नदीजन्य सामग्री उत्खनन गर्न र संकलित नदीजन्य सामग्री ओसार पसार गर्न रोक लगाइएको सम्बन्धी मेचीनगर नगर कार्यपालिकाको कार्यालयको अत्यन्त जरुरी सूचना**

प्रस्तुत विषयमा यस मेचीनगर नगरपालिका अन्तर्गतका नदीहरुबाट नदीजन्य निर्माण सामग्री उत्खनन, संकलन र विक्री व्यवस्था सम्बन्धमा देहायानुसार गरी गराई सहयोग गर्नुहुन सरोकारवाला सबैमा मेचीनगर नगर कार्यपालिकाको तर्फबाट यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

१. आ. व. २०७५।०७६ को लागि यस नगरपालिकाको आन्तरिक राजश्व व्यवस्था गर्ने सन्दर्भमा मेचीनगर नगरपालिका क्षेत्रका मेची, निन्दा, टिमाई र हडीया नदीको यस नगरपालिकाको क्षेत्राधिकारमा पर्ने स्थानमा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनुसारको परिमाणसम्म नदीजन्य निर्माण सामग्री उत्खनन, संकलन र बिक्री ब्यबस्थापन गर्न सार्वजनिक बोलपत्र आह्वानमार्फत् विनिता श्री ट्रेड एण्ड सप्लायर्स प्रा. लि. ईटहरी (श्री आ. रा.का., धरानमा मू. अ. कर नं. ३०४३६५८०७) सुनसरीका आधिकारिक व्यक्ति श्री भिमबहादुर पौडेल (ना. प्र. नं. १४३४, धनकुटा, मो. नं. ९८५२०२०२७६) सँग २०७५ साल मङ्सिर २८ गतेका दिनदेखि लागू भई २०७६ साल जेठ मसान्तसम्म कायम हुने गरी यस कार्यालयसँग भएको ठेक्का संझौताको अवधि समाप्त भइसकेको व्यहोरा यस कार्यालयवाट २०७६।०२।२४ गते प्रकाशित ब्लाष्ट टाइम्स, धरान, लोकतन्त्र दैनिक, झापा तथा जनसंसद दैनिक, झापाबाट प्रकाशित पत्रिकाहरुबाट सबै सरोकारवालाहरुको जानकारीको लागि सार्वजनिक सूचना प्रकाशन भइसकेको तथा नेपाल सरकारको नीतिअनुसार हरेक वर्षको असार १ गतेदेखि भदौ मसान्तसम्म नदीजन्य निर्माण सामग्री उत्खनन गर्न नहुने नीतिअनुसार उल्लिखित नदीहरुबाट कहीँ, कोही, कसैले पनि नदीजन्य निर्माण सामग्री उत्खनन, संकलन र विक्री आदि नगर्न, नगराउनुहुन पुनः अनुरोध गरिएको छ ।

२. विनिता श्री ट्रेड एण्ड सप्लायर्स प्रा. लि. ईटहरी (श्री आ. रा. क., धरानमा मू. अ. कर नं. ३०४३६५८०७) सुनसरीका आधिकारिक व्यक्ति श्री भिमबहादुर पौडेल (ना. प्र. नं. १४३४, धनकुटा, मो. नं. ९८५२०२०२७६) राजश्व रकम असुलउपर तथा ठेक्का अवधि समाप्तिसम्बन्धमा उक्त १ नं. अनुसार प्रकाशित उल्लिखित सूचनाबमोजिम यस कार्यालयको धरौटी खातामा जम्मा गरेको भनिएको, तर आधिकारिक विवरण पेश नभएको रकमको समेत विवरण लिई दोश्रो र तेश्रो किस्ता , जरिबाना बापतको रकम र श्री आ. रा. का. धरान सुनसरीमा दाखिला गरेको भनिएको मू. अ. करलगायतको करको रकम समेत सम्पूर्णमा निजले तिरेको, बुझाएको रकमको हिसाव भिडान गरी कुमारी बैंक लिमिटेड, ईटहरी शाखा, सुनसरीवाट यस कार्यालय लाभग्राही भएको रु. ३,३६,६०,४०० को Reference 002OUTBG181796 को कार्यसम्पादन जमानत बराबरको रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड, काँकरभिट्टा शाखा, झापामा रहेको विभाज्य कोष खाता नं. १०६०३०००००००४००२००२.मा जम्मा गरी ठेक्का कबुलियतअनुसार निजले दाखिला गर्न बाँकी रहेको मू. अ. करलगायतको रकम श्री आन्तरिक राजस्व कार्यालय धरान सुनसरीमा यसै कार्यालयबाट दाखिला गरी गराई निजसँग यस कार्यालयले असुलउपर गर्न रहने रकम एकिन गरी

विमल आचार्य
नगरप्रमुख

निजबाट असुलउपर गर्न कानुनअनुसार कार्यवाही अगाडि बढाउने तथा निजले यस नगरपालिका क्षेत्रभित्र स्टक राखेको उत्खनन तथा संकलन गरिएको नदीजन्य निर्माण सामग्री ठे. विनिता श्री ट्रेड एण्ड सप्लायर्स प्रा. लि. ईटहरी, सुनसरीका आधिकारिक व्यक्ति श्री भिमबहादुर पौडेल स्वयम्को भौतिक उपस्थितिमा मात्र रोहबर कायम गरेर संकलित नदीजनय निर्माण सामग्रीको स्टक प्रमाणित गर्न तथा सो स्टक यस कार्यालयको दाखिला हुन बाँकी रकम दाखिला नगरेसम्म विक्री तथा ओसारपसारमा पूर्णरुपमा रोक्का राख्न सबै वडा कार्यालय, स्थानीय प्रहरी कार्यालयहरुलाई अनुरोध गरी सरकारी बाँकीसरह असुलउपरका लागि सहयोग हुन जिल्ला प्रशासन कार्यालय झापा, चन्द्रगढीलगायतका सरोकारवाला निकायमामा अनुरोध गर्ने मिति २०७६।०२।२९ मा बसेको नगर कार्यपालिकाको बैठकबाट निर्णय भएको तथा २०७६।०२।३० मा उल्लिखित ठेकेदारले तीन दिनभित्र ठेक्का संझौताअनुसार सम्बन्धित निकायमा दाखिला गर्न बाँकी कर तथा किस्तावापतको राजश्व रकम ~~रकम~~ बुझाउने प्रतिबद्धता पत्र यस कार्यालयमा पेश गरेकोमा हालसम्म पनि दाखिला गर्न नआएको हुँदा यस कार्यालयबाट अर्को निर्णय नभएसम्म मेचीनगर नगरपालिका क्षेत्रभित्र स्टक रहेको उल्लिखित नदीजन्य निर्माण सामग्री कोही कसैले पनि ओसार पसार गर्न पूर्णरुपमा रोक लगाइएको छ ।

३. उल्लिखित १ नं. र २ नं. को व्यवस्थालाई पूर्णरुपमा कार्यान्वयन गर्न गराउनका लागि सबै वडाध्यक्षलगायतका जनप्रतिनिधिज्यूहरु, सबै कर्मचारीहरु र उक्त कार्यमा सहयोगको लागि स्थानीय प्रशासन, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र ट्राफिक प्रहरीको मेचीनगर नगरपालिका क्षेत्रभरिका इलाका प्रहरी कार्यालय, इकाइ र विटहरुमा यस नगर कार्यपालिकाको कार्यालयबाट सादर अनुरोध गरिएको छ ।

बिमल आचार्य
नगरप्रमुख

प्रमुख
मेचीनगर नगरपालिका, झापा